रोल्पा नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
लिबाङ, रोल्पा
५ नं. प्रदेश नेपाल

## बृहत नगर विकास योजना निर्माणको लागि प्राविधिक तथा आर्थिक प्रस्ताव आव्हान सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशन मितिः२०७५/०२/०८ गते**

रोल्पा नगरपालिकाको स्वीकृत कार्यक्रम अनुसार यस नगरपालिकाको अगुवाई र नगर विकासका साझेदार र सरोकारवालाको सक्रिय संलग्नतामा सहभागितामूलक तरिकाबाट समग्र रोल्पा नगरपालिकाको बृहत्तर नगर विकास योजना निर्माण गर्न लागिएको छ । नगर विकास योजनामा भौतिक पूर्वाधार तर्फ सडक खानेपानी, विद्युत तथा सिँचाइ लगायतका क्षेत्र, कृषि, पशुविकास, वन आदि विषयसँग सम्बन्धित क्षेत्रफल, माटो परीक्षण, पर्यटन, स्वास्थ्य तथा शिक्षा आदि विषय समेटिने छन् ! यसका साथै नगर क्षेत्रमा बसोबास गर्ने जनसंख्या तथा घरधुरी तथ्याङ संकलन ( नगर प्रोफाइल) गरी योजनालाई जनकेन्द्रित बनाउन महत्वपूर्ण आधारका रुपमा लिन नगर विकास योजना निर्माण_गर्दा जलवायू परिवर्तन अनूकुलन वातावरण संरक्षण विपद जोखिम न्यूनिकरण फोहोर मैला व्यवस्थापन, बालमैत्री स्थानीय शासन र क्षमता विकास लैंगिक समता तथा सामजिक समावेशीकरण र जवाफदेहिता आदि जस्ता विषयगत क्षेत्रलाई योजना तर्जुमा प्रकृयामा साझा सवालको रुपमा समावेश गरी योजना तर्जुमा गरिनेछ । साथै उक्त विषयवस्तुलाई GIS मा समेत समेटनुपर्नेछ। उक्त कार्य गर्न सम्बन्धित विषयगत क्षेत्रमा अनुभव भएका योग्य व्यावसायिक फर्म / परामर्शदाताबाट प्राविधिक तथा परामर्श सहयोग लिइ नगर विकास योजना निर्माण गरिने छ ।

यस नगरपालिकाको नगर विकास योजना निर्माण प्रकृयामा प्राविधिक सहयोग तथा परामर्श सेवा प्राप्त गर्न सम्बन्धित विषय क्षेत्रमा अनुभव भएका ईच्छुक पेशागत दक्षता तथा अनुभव भएका व्यवसायिक फर्म / परामर्शदाता संस्थाबाट तोकिएको ढांचामा आर्थिक र प्राविधिक प्रस्ताव पेश गर्न यो सूचना प्रकाशित गरिएको छ ।

१. थप जानकारीको लागि रोल्पा नगरपालिकाको वेभसाइट **www.rolpamun.gov.np** र नगरपालिकाको योजना शाखा (०८६-४४०३७२) मा सम्पर्क गर्न सकिनेछ ।

२. इच्छुक योग्यता पुगेका संस्थाले तोकिएको ढांचामा आर्थिक र प्राविधिक प्रस्ताव पत्र निम्नानुसारको कागजात सहित पेश गर्नु पर्नेछ ।
- आर्थिक र प्राविधिक प्रस्ताव छुट्टा छुट्टै खामबन्दी गरी पेश गर्नुपर्नेछ ।
- प्राविधिक प्रस्ताव मूल्याङ्कन गरीसकेपछि मात्र आर्थिक प्रस्ताव खोलिनेछ ।
- संस्थाको विस्तृत विवरण ।
- संस्थाको कानुनी (दर्ता नविकरण, भ्याट / पान दर्ता, कर चुक्ता) दस्तावेज / प्रमाणपत्र ।
- संस्थाको प्रोफाइल तथा कामको अनुभव विवरण ।
- संस्थाको भौतिक पूर्वाधार र उपकरणहरुको विवरण ।
- संस्थाको विगत ३ वर्षको बित्तीय कारोवार सम्बन्धी विवरण ।
- संस्था कालो सूचीमा नपरेको स्वघोषित पत्र ।
- एकल परामर्शदाताको हकमा विगत ३ वर्षको र दुई वा दुई भन्दा बढी फर्म वा कम्पनीले समुह, संगठन वा संयुक्त उपक्रमको रुपमा परामर्श सेवा दिनेको हकमा विगत पांच वर्षमा सम्पन्न गरेको समान प्रकृतिको काम र स्थानकोविवरण तथा निजको वैयक्तिक विवरण ।
- संस्थाको प्रमुख कर्मचारी तथा अवद्ध पेशागत विज्ञहरुको व्यक्तिगत विवरण (CV) तथा कार्य अनुभवको क्षेत्र ।

३. इच्छुक आवेदक संस्थाले आर्थिक तथा प्राविधिक प्रस्ताव सम्बन्धी कागजात विस्तृत अध्ययन गरी उल्लेख विवरणहरु भरी आवश्यक कागजात संलग्न गरी शिलबन्दी गरी खामको बाहिर नाम, ठेगाना, फोन नं. र विषय उल्लेख गरि यस कार्यालयमा पेश गर्नुपर्नेछ ।

४. यो सूचना प्रथम पटक प्रकाशन भएको मितिले १५ औं दिनको कार्यालय समय भित्र (अर्थात २०७५ जेष्ठ २२ गते मंगलबार) यस कार्यालयमा दर्ता गराई सक्नुपर्नेछ । उक्त दिन सार्वजनिक विदा परेमा सो को भोलिपल्ट पेश गर्न सकिनेछ । म्याद र समय भित्र दर्ता हुन आएको प्रस्ताव पत्र २०७५ जेष्ठ २३ गते दिनको २.०० बजे रोल्पा नगरपालिकाको कार्यालयमा प्रतिनिधिहरुको रोहवरमा खोलिने छ । प्रस्ताव पत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभएतापनि प्रस्ताव पत्र खोल्न कुनै बाधा पर्ने छैन ।

५. म्याद नाघि आएका तथा रित नपुगेका प्रस्ताव पत्र स्वीकार गरिने छैन् ।

६. आवेदक संस्थाको आधिकारिक कागजात तथा प्रमाण, कार्य अनुभव र आर्थिक, भौतिक तथा मानवीय संशाधनको अवस्थालाई आधार मानी प्रस्ताव मुल्यांकन गरिनेछ ।

७. आर्थिक तथा प्राविधिक प्रस्ताव मूल्यांकनका आधारमा तोकिए बमोजिम हुनेछ ।

८. आर्थिक तथा प्राविधिक प्रस्ताव रुपमा समेत पेश गर्न सकिनेछ । संयुक्त उपक्रमको रुपमा आर्थिक तथा प्राविधिक प्रस्ताव पेश गर्न इच्छुक आवेदकले आर्थिक तथा प्राविधिक प्रस्ताव पत्र पेश गर्दा मुख्य भई कार्य गर्ने प्रमुख संस्था खुलेको विवरण तथा संयुक्त उपक्रमको रुपमा कार्य गर्ने सम्बन्धी सम्झौताको प्रतिलिपी समेत पेश गर्नु पर्नेछ ।

९. यस आर्थिक तथा प्राविधिक प्रस्ताव पत्र आव्हन सम्बन्धी सूचनामा उल्लेख गर्न छुट भएका कुराहरु सार्वजनिक खरिद ऐन,२०६३ तथा नियमावली,२०६४ बमोजिम हुनेछन् ।

प्रमुख प्रशासकीय अधिकृत